# वनको अर्थराजनीति र सामुदायिक वन

**डा. भरत पोखरेल**

## खेर गइरहेछ अमूल्य सम्पत्तिः वन

नेपालको ५५ लाख हे. वन क्षेत्र मध्ये १० लाख हे. मात्र समुदायको खटनपटनमा छ भने बाँकी ४५ लाख हे. अझै पनि सरकारकै अधिनमा छ । इच्छा शक्ति भए व्यवस्थापन गर्न सकिने ४२ लाख हे. वन क्षेत्रले वर्षेनी २२ अरब ५० करोड रुपैयाँ आम्दानी दिन सक्छ । तर सरकारी नियन्त्रणमा रहेको जङ्गल राम्ररी व्यवस्थापन र सदुपयोग हुन नसकी सडेर, गलेर, धोद्रिएर, डढेलो लागेर र जिङ्ग्रिएर बस्दा वर्षेनी १३ अरब रुपैयाँ बराबरको धनराशि खेर जाने कुरा सन् १९९४ मै विश्व बैंकले गरेको एक अध्ययनबाट थाहा हुन आएको छ । विडम्बनाको कुरा के छ भने वन क्षेत्रको लागि आ.व. ०६१/०६२ मा १ अरब ९२ करोड रुपैयाँ विनियोजित गरिएको छ, जुन १२६ अरब रहेको कुल बजेटको १.५% मात्र हो । यो वन क्षेत्रलाई विनियोजन गरेको रकमको ८९% (१ अरब ७१ करोड) पनि केवल वन क्षेत्रको प्रशासनिक खर्च धान्नमा मात्र प्रयोग हुन्छ । माघ १९ को कदम पछि दातृ राष्ट्रले दिने सहयोगमा अन्यौलता आएकोले चालु आ.व.मा विकास बजेट केवल ११ प्रतिशत् (२२ करोड रुपैयाँ ) मात्र छुट्याइएको छ । दातृ राष्ट्रले वर्षेनी सहयोग गर्ने गरेको सवा अरब रुपैयाँ पनि घटेर केवल ७० करोड रुपैयामा झरेको छ जुन रकम त नेपालले वन व्यवस्थापन गरेको खण्डमा नेपालको वनले दिन सक्ने ११ दिनको आम्दानीबाटै प्राप्त गर्न सकिन्छ । तर लाजमर्दो कुरा त यो छ कि शासकीय पद्धति ठीक नहुँदा ४२ लाख हे. वनको हालत दिनानुदिन विग्रन गई दैनिक सवा ६ करोड रुपैयाँ बरावरको धनराशि देख्दा देख्दै खेर गइरहेको छ ।

## वनको महत्वः लेखी साध्य छैन

- विरानाको लागि बासस्थान
- दुःखीका लागि मल्हम
- शरणागतका लागि बलियो आड
- गरिबको ढुकुटी
- असहायहरूको रोदन सुन्ने सहारा हो वन ।

माथिका हरफहरू आफै बोल्छन् । जन्मेपछि चाहिने कोक्रो र मर्दा चाहिने बाँस वनकै उपज हुन् । वनले कुल राष्ट्रिय आयको एक चौथाइ आम्दानी दिन सक्छ । कुल उर्जा शक्तिको तीन चौथाइ भाग दाउरा मात्रबाट पूर्ति हुन्छ । काठ दाउरा घाँसको उपयोग र त्यसबाट हुने आम्दानीको अलावा जङ्गल नभएको ठाउँबाट भूक्षय जाँदा बगेर जाने नाइट्रोजन, फस्फोरस र पोटासको चुहावटबाट मात्र ३.५ लाख टन रासायनिक मल बराबरको नोक्सान हुन्छ जसको मूल्य करिब १ अरब रुपैयाँ पर्न आउँछ । यो बाहेक स्याउला, पतकर, घाँस, चरण जस्ता कृषि र पशुपालनसंग जोडिएका कुराहरू हिसाव गर्ने हो भने वनको महत्व लेखी साध्य नै हुन्न । बाढी, पहिरोको रोकथाम, जैविक विविधताको संरक्षण, कार्वन सेक्वेष्ट्रेसन तथा लगिङबाट जमिन बचावट गर्ने काममा वन जङ्गलले खेल्ने भूमिकालाई रकममा आङ्कलन गर्न सकिदैन । कलकत्ता विश्वविद्यालयका कृषि बैज्ञानिक डा. तारक मोहन दाशले गरेको एक अनुसन्धानबाट एउटा ५० वर्षको स्वस्थ रुखबाट एक वर्षमा प्राप्त हुने अक्सिजनको मूल्य मात्र करिब रु. ५० हजार बराबरको हुन्छ । उहाँका अनुसार एक वर्षमा एउटा रुखले १००० के.जी. (१ टन) अक्सिजन उत्पादन गर्छ जसले बायुमण्डलमा भएको प्रदुषण सन्तुलन गर्न, बाष्पीकरण र

आद्रतामा नियन्त्रण गर्न मद्धत गर्छ । यदि त्यति नै अक्सिजन कृतिम तरिकाले उत्पादन गरी प्रयोग गर्नु परे त्यसका लागि मात्र अक्सिजन उत्पादन गर्ने उद्योगको लागत सस्तोमा प्रति रुख बराबर पचास हजार रुपैयाँ हुन आउँछ । यसको मूल्य खरब रुपैयाँ आउँछ । यसभन्दा बाहेक पशुपंक्षिले वनबाट पाउने बासस्थान र आहार तथा कृषिले पाउने प्राङ्गारिक मल र वातावरणीय सन्तुलन जस्ता विषयमा वनले दिएको योगदानको हिसाब निकाल्ने हो भने वनको महत्वको बयान गरेर सकिन्न ।

**पञ्चायती कालः वनमा काल पस्यो र वन सखाप पार्‍यो**

वनको महत्व त्यतिको हुँदा पनि पञ्चायती शासकहरूले ३० वर्षमा झण्डै एक तिहाई नै वन क्षेत्र खाएर सके । 'वन' शब्द लिने वित्तिकै पञ्चायती कालमा वन विनास, वन मुद्धा, सुकुम्बासी हटाऊ, पुनर्वास बसाऊ, तस्कर र भ्रष्टाचारीलाई संरक्षण, चोरी कटानी आदि नाम र नाराले बुझिने गरिन्थ्यो । नगरियोस पनि किन, पञ्चायत सुरु भए पछि खासगरी २०२० सालदेखि २०३६ सालसम्म १६ वर्षको अवधिमा मात्र २१ लाख हे. जङ्गल सखाप पारियो । २०२० सालमा ६४ लाख हे. (कुल भूभागको ४५ %) रहेको वन क्षेत्र २०३६ सालमा आएर ४३ लाख हे. अर्थात २९% मा झर्‍यो । यो अवधिमा तराई क्षेत्रको जङ्गल मध्ये एक चौथाइ क्षेत्र पूरै सखाप पारिएको कुरा ल्याण्ड रिसोर्स म्यानेजमेन्ट प्रोजेक्ट (एल.आर.एम.पी.) को १९७९ को प्रतिबेदनमा उल्लेख छ ।

प्रजातन्त्रको पुर्नस्थापना भएको लगत्तै २०४७ सालमा द्रोणाचार्य क्षेत्रीको अध्यक्षतामा बनेको वन संरक्षण अध्ययन कार्यदलको प्रतिबेदनमा उल्लेख भए अनुसार २०२७ सालदेखि २०४५ सालसम्म १८ वर्षको अवधिमा मात्र १ लाख ६ सय परिवारलाई १ लाख १६ हजार हे. वन क्षेत्र पुनर्वासको रुपमा बाँडिएको देखिन्छ । यसको अलावा पञ्चायतको उत्तरार्धका पछिल्ला २ वर्ष २०४३ देखि २०४५ सालको अवधिमा मात्र वन क्षेत्र सुदृढिकरण उच्च स्तरिय आयोगले २६ सय विगाहा जङ्गल आफ्ना मान्छेहरूलाई पजनी गरेको देखिन्छ । माथि उल्लेखित सखाप भएको जङ्गल कता गयो र हाल कस्ले के कसरी भोग गर्दै छ भन्ने कुरा घाम झैं छर्लङ्ग छदैछ । पुनर्वास र सुकुम्बासीलाई बाँडेको भनिएको वनको जग्गा कति सक्कली सुकुम्बासीहरूले पाई घरजम गरेर बसे र गरिबीबाट मुक्त भए भन्ने कुरा पनि सबैका सामु स्पष्टै छ । पञ्चायती कालको यो कहाली लाग्दो वन विनासको अवस्थालाई विश्लेषण गर्दा पञ्चायती काल साच्चिकै वनमा काल पसेको थियो भन्ने थाहा हुन्छ ।

प्रजातन्त्र पुर्नस्थापना भएपछिका वर्षहरूमा सामुदायिक वनको उदय पछि धेरै हदसम्म राज्य पक्षबाट हुने वन विनास, वन पजनी र तस्करीतन्त्र रोकियो । तर पनि सामुदायिक वनको रुपमा गएको अधिकांश मध्य-पहाडी क्षेत्रको १० लाख हे. वन बाहेक तराई, भित्री मधेस र उच्च पहाडी क्षेत्रका धेरैजसो वन जङ्गल अझै पनि अव्यवस्थित रुपमा सरकारी नियन्त्रणमा राखिनुले वन क्षेत्रको समष्टीगत अवस्था भने भताभुङ्गै खालको छ । स्मरणीय कुरा के छ भने ५१ ओटा पहाडी जिल्लामा रहेको ४० लाख हे. वन क्षेत्र मध्ये करिब दुई तिहाइ क्षेत्र (२७ लाख हे.) सामुदायिक वन हुन सक्ने खालको छ , जसमध्ये विगत १२ वर्षको वहुदल कालमा १२ हजार ओटा समूहहरूले करिब १० लाख हे. वनको संरक्षण र उपभोग गर्न पाएका छन् । यो अहिले आएर प्रजातन्त्रको महत्वपूर्ण कोसेली सावित भएको छ । जबकी तराई र भित्री मधेसका २४ जिल्लामा रहेको २१ लाख हे. वन क्षेत्र मध्ये बस्ती नजिकको ८ लाख हे. जङ्गल सामुदायिक वन हुन लायकको छ तर सो क्षेत्रमा केवल १ लाख ५० हजार हे. (कुल जङ्गल मध्ये ७% मात्र) वन केवल १५ सय समूहहरूले मात्र प्राप्त गर्न सकेको कुरा वन तथा भू-संरक्षण मन्त्रालयको ज्वाइन्ट टेक्निकल रिभ्यू कमिटी (जे.टी.आर.सी.) को प्रतिबेदनमा उल्लेख छ । तराई तथा भित्री मधेसमा हालसालै ल्याइएको साझेदारी वन कार्यक्रमले वन जङ्गल क्षेत्र नजिकका बस्तीहरूमा समूह बनाई वन हस्तान्तरण गर्न नसक्ने हो भने तराई तथा भित्री मधेसको सरकारी नियन्त्रणमा रहेको जङ्गल निकट भविष्यमै सखाप हुने सम्भावना विगतको अनुभवले देखाएको छ ।

**बहुदल कालः वन भित्रको स्वदेशी समाबेशी प्रजातन्त्र र सामुदायिक वनको सफलता**

पञ्चायती कालको त्यस्तो कहालीलाग्दो वनको स्थितिलाई बहुदल आएपछि केही राहत मिल्यो । २०४६ सालमा सामुदायिक वनको उदयले झन वनको महत्व बढायो । जनतालाई विश्वास गरेर अधिकार सहित स्रोत जिम्मा लगाउने हो भने त्यसबाट कैयौं फाइदा लिन सकिदो रहेछ भन्ने कुरा सामुदायिक वनले मुख्य रुपमा चारओटा क्षेत्रमा गरेको योगदानबाट देखिन थालेको छ ।

**प्रथम, वन हराभरा हुँदैछः** सयौंको सङ्ख्यामा हेरालु र वनपाले राखेर सरकारले बचाउन र हुर्काउन नसकेको वन जङ्गल समुदायलाई सुम्पेपछि सबैजसो हराभरा भएको प्रमाण नेपाल बातावरण पत्रकार समूहले ३१ जिल्लाको सामुदायिक वनका गतिविधिहरू बारे पत्रकारहरूले लेखेका अनुसन्धानात्मक लेखहरूको विश्लेषणबाट देखाएको छ ।

**दोश्रो, समाबेशी प्रजातन्त्रको अभ्यास गाउँ गाउँमाः** हालै पहाडी जिल्लाहरू दोलखा, रामेछाप र ओखलढुंगाका ६७२ ओटा सामुदायिक वन उपभोक्ता समूहहरूको अध्ययनबाट सामुदायिक वन उपभोक्ता समूहको नेतृत्व तहमा ३३ % महिला तथा ८ % दलित रहेको देखिएको छ । यो सङ्ख्या कुनै पनि सरकारी, गैर सरकारी तथा निजी क्षेत्रमा कार्यरत संघसंस्था र निकायको तुलनामा उल्लेखनीय रुपले बढी छ । दलित र महिलाहरूको नेतृत्व तहमा सहभागिता हुने क्षेत्रमा सामुदायिक वन अग्रणी स्थानमा छ ।

**तेश्रो, गाउँमा साँच्चो नागरिक समाजको प्रतिनिधि र विकासको संबाहक भएको छ सामुदायिक वनः** गाउँघर र मुलुक पूरै द्वन्दले ग्रसित भएको अवस्था छ । पूरै राष्ट्र जनप्रतिनिधि विहिन भएर समाज टुहुरो भएको अवस्थामा पनि गाउँमा सेवा र सुविधा दिन आफ्नै स्रोत जुटाई मद्दत गर्ने निकाय भएका छन् सामुदायिक वन समूहहरू । माथिकै अध्ययनबाट के पाइएको छ भने तीन जिल्लाका ६७२ समूहहरू मध्ये ५५४ (अध्ययन गरेका मध्य ८२% समूहहरूले नियमित भेला गरी आफ्ना प्रतिनिधिहरू वर्षेनी चुन्ने र हेरफेर गर्ने गरेका छन् । ती समूहहरूले विगत ४ वर्षमा ३१० ओटा स्कूल भवन, २४९ ठाउँमा पुल, १९ ठाउँमा कुलो, १५ ठाउँमा विजुली बत्ती, १४ ठाउँमा चर्पी, १४ ओटै ठाउँमा पानी घट्ट, दुई ठाउँमा सञ्चार र उन्नत चुलोको लागि आफ्नो कोष परिचालन गरेका छन् । यी विकासका प्रयासहरू गा.वि.स. र जि.वि.स.ले राज्यको ढुकुटी र बैदेशिक सहयोग लिएर गरेको लगानी भन्दा कैयौं गुणाले बढी छन् । वन समूहहरूले अझै पनि राज्य र विद्रोही पक्षबाट स्वतन्त्र रहेर काम गर्न पाउने हो भने यो भन्दा धेरै विकासका कार्यक्रमहरू आफ्नै बलबुतामा सञ्चालन गर्न सक्ने देखिएको छ ।

**चौथो, गरिबको घरमा सेवा र सुविधा पुऱ्याउन सक्ने असल साथी हो सामुदायिक वनः** माथिको अध्ययनबाट यो थाहा हुन आएको छ कि पाँचतारे होटलमा गरिबी निवारणका भाषण गरेर नथाक्ने नीति निर्माता र योजनाविद्हरूलाई चुनौति दिदै गरिबको घरदैलोमा पुगी गरिबी निवारणका सिद्धान्तलाई व्यवहारमा उतारेका छन् सामुदायिक वनहरूले । अध्ययनबाट उपरोक्त तीन पहाडी जिल्लाका ४७६ ओटा समूहहरूमा ५०,००० घरधुरीहरूको सम्पन्नता स्तरीकरण गरी सबैभन्दा विपन्न वर्गमा परेका करिब तीन हजार घरधुरीहरूलाई विभिन्न सुविधा दिन थालेको पाइएको छ । अध्ययन अनुसार ४०% समूहहरूमा विपन्न वर्गहरूलाई सहुलियत दरमा काठ दाउरा उपलब्ध गराइएको छ, ३०% समूहहरुमा सीपमूलक आय आर्जन सम्बन्धी तालीममा विपन्न वर्गलाई अवसर प्रदान गरिएको छ, २७% समूहले नेतृत्वमा दलितको लागि कोटा तोकेका छन्, २२% समूहले दैबी प्रकोप र आपत विपत परेकोलाई हेरचाह गरेका छन्, १५% समूहले गरिब तथा दलित परिवारका छात्रछात्रालाई छात्रबृत्ति उपलब्ध गराएका छन् तथा त्यति नै समूहरूले आय आर्जनका लागि सामुदायिक वनको जग्गा उपलब्ध गराएका छन् । विपन्न वर्गका लागि यस्ता कामहरू न त राज्य पक्षले न दातृराष्ट्रको

सहयोगमा सञ्चालित आयोजना परियोजनाहरूले नै दिगो रुपमा स्थानीय स्रोत र जन परिचालन गरी गर्न सकेका छन् । सामुदायिक वनका यस्ता कार्यबाट राजनैतिक र विकास फाँटमा लागेका सबैले धेरै कुरा सिक्नु पर्ने भएको छ ।

माथि उल्लेखित समूहले गरेका कामहरू सित्तैमा भएका चाहिँ होइनन् । सन् २००३ मा गरेको एक अध्ययन अनुसार १०० हे. सामुदायिक वन क्षेत्रको संरक्षण, सुरक्षा, व्यवस्थापन र सदुपयोग औसतमा १०६ घरधुरी जनताहरू जुटेर गर्नु पर्दा लाग्ने भौतिक, बौद्धिक र वित्तीय खर्च हिसाव गर्दा एक समूहले वर्षेनी करिब १ लाख १९ हजार रुपैयाँ बराबरको श्रम र नगद लगानी गर्नु पर्दछ । जस मध्ये समुदायका आफैले मात्र ७१% खर्च लगानी गर्छन् जसमध्ये व्यक्तिहरूको श्रम बापतको लगानी ७६ हजार रुपैयाँ , विपन्नका लागि जुटाइने नगद लगानी २५०० रुपैयाँ र सामुदायिक विकासमा खर्च हुने गरेको नगद लगानी ५५०० रुपैयाँ गरी कुल लागतको ७१ % समुदायबाट खर्च व्यहोरिने गरेको पाइएको छ । खर्च भएको मध्ये बाँकी १८ हजार ६ सय रुपैयाँ (जुन जम्मा खर्चको १६ % हुन आउँछ) बैदेशिक सहयोगबाट प्राप्त हुन्छ र बाँकी १६ हजार रुपैयाँ बराबरको सेवा सरकारी निकायबाट खर्च भएको पाइएको छ जुन रकम जम्मा खर्चको १३ % मात्र हो । यी आंकडालाई हेर्दा के थाहा हुन आएको छ भने सामुदायिक वन उपभोक्ता समूहहरू आफ्नै स्रोतको भरमा दिगो रुपले सञ्चालित हुन सक्छन् ।

**वनको अर्थतन्त्रः बैदेशिक सहयोग धमाधम बन्द हुँदैछ**

वर्षेनी २२.५ अर्ब रुपैयाँ सम्म आम्दानी गर्न सक्ने वन क्षेत्रले अहिले १ अरब रुपैयाँ (त्यसको ५%) पनि आम्दानी गर्न सकेको अवस्था छैन । त्यसैले होला सुरक्षा खर्चमा कुल बजेटको १५% छुट्याउन सक्ने सरकारले आ.व. ०६१/०६२ मा वन क्षेत्रलाई साह्रै हेला गरेर १ अरब ७१ करोड रुपैया मात्र विनीयोजन गऱ्यो । बार्षिक बजेटमध्ये विकास कार्यक्रमका लागि चाहिने २२ करोड रुपैयाँ दातृ राष्ट्रहरूले गरेको सहयोगको रकम हो । यो बाहेक दातृराष्ट्रले वर्षेनी वन क्षेत्रलाई गर्ने थप ५० करोड रुपैयाँ (७.०७ मिलियन अमेरिकी डलर) सोभ्कै भुक्तानी हुने गरी वन विकासमा उपलब्ध गराउँछ । यसरी विगत १० वर्षदेखि वन क्षेत्रको विकासमा सहयोग गर्दै आएका दातृराष्ट्र र निकायहरूमा संयुक्त अधिराज्य, डेनमार्क, युरोपेली सङ्घ, स्वीजरल्याण्ड, अष्ट्रेलिया, आइफाड, नेदरलैण्ड, विश्व बन्यजन्तु कोष, केयर नेपाल, जर्मनी, संयुक्त राज्य अमेरिका, संयुक्त राष्ट्र संघ विकास कोष तथा जापान रहेका छन् । सन् १९९६ देखिको विगत १० वर्षको बैदेशिक सहयोगको आँकडा विश्लेषण गर्दा वन विकासको लागि वार्षिक रुपमा १ करोड ९३ लाख अमेरिकी डलर सहयोग प्राप्त हुँदै आएकोमा राजनैतिक अस्थिरताको कारणले सो रकम विगत वर्षहरूको तुलनामा सन् २००५ मा ४७% घटेर वर्षेनी केवल १ करोड २ लाख अमेरिकी डलर (नेपाली रुपैयाँ ७१ करोड ४० लाख) मा मात्र सीमित हुन पुगेको छ जुन वन क्षेत्रको कुल बजेटको ३२% हुन आउँछ ।

प्रजातन्त्रको पुर्नःस्थापना पछि वन विकासमा सहयोग गर्दै आएका अधिकांश दातृराष्ट्रहरूले अनुदान सहयोग (तर आइफाडको चाहिँ ऋण सहयोग हो) पुऱ्याएर नेपालको वन क्षेत्रले लिएको उदार र प्रगतिशील नीति प्रति ऐक्यबद्धता जनाएका थिए । जुन तलको तालिकाबाट यो कुरा स्पष्ट हुन्छ । तर माघ १९ पछिको घटना पछि वन क्षेत्रमा हुने बैदेशिक अनुदान सहयोगमा वर्षेनी ६४ करोड रुपैयाले कम रह्यो ।

**वन विकासमा दातृराष्ट्रहरूको सहयोग देखिने तालिका** *(मिलियन अमेरिकी डलरमा)*

| दातृ निकाय / राष्ट्र | सहयोग अवधि | सहयोगको रकम | वार्षिक सहयोग रकम (सन् २००४ सम्म) | वार्षिक सहयोग रकम (सन् २००४ पछि) |
|---|---|---|---|---|
| संयुक्त अधिराज्य | २००१-२०११ | २६.८ | २.६८ | २.६८ |
| डेनमार्क | १९९८-२००४ | २४.३ | ४.०५ | नहुने |
| युरोपेली सङ्घ | १९९७-२००३ | २२.५ | ३.७५ | नहुने |
| स्वीजरल्याण्ड | १९९६ - २००८ | १२.१ | १.०० | १.०० |
| अष्ट्रेलिया | २००३ - २००९ | १०.६ | १.७६ | १.७६ |
| आइफाड | १९९६ - २००३, र २००५ - २०१३ | ९.०, र ११.६ | १.३७ | १.४५ |
| नेदरल्याण्ड | २००२ - २००८ | ७.३ | १.२१ | १.२१ |
| विश्व बन्यजन्तु कोष | २००१ - २००६ | ६.४ | १.०६ | १.०६ |
| केयर नेपाल | २००१ - २००६ | ३.९ | ०.६५ | ०.६५ |
| जर्मनी | २००२ - २००४ | ३.० | १.०० | नहुने |
| संयुक्त राज्य अमेरिका | २००१ - २००६ | २.४ | ०.४० | ०.४० |
| यु.एन.डी.पी. | २००२ - २००४ | ०.८ | ०.२६ | नहुने |
| जापान | १९९९ - २००४ | ०.७ | ०.१४ | नहुने |
| **जम्मा** | | १४०.४ | १९.३३ | १०.२१ |

*स्रोतः वन तथा भू संरक्षण मन्त्रालय*

नेपालले वन विकासका लागि पाउने अनुदान सहयोग कुनै दातृराष्ट्रको दया वा मायामा नभै नेपालले जनसहभागितामूलक पद्धति अपनाई गरेको सामुदायिक वन विकास, जैविक विविधताको संरक्षण, कार्वन सेक्वेस्ट्रेसन, भू-संरक्षण, दिगो माटो व्यवस्थापन र विशिष्ट परिस्थीकीय प्रणालीको संरक्षण गरे बापत अधिकारको रुपमा नेपालले पाउनै पर्ने विषय हो । तर यसका लागि राजनैतिक शासकीय पद्धति प्रजातान्त्रिक हुनु पर्ने, नागरिक र मानव अधिकार सुनिश्चित गरिनु पर्ने र विकेन्द्रीत र उत्तरदायी स्थानीय सरकारले विकास प्रक्रियाको नेतृत्व लिएको हुनु पर्ने कुरा विकास सहयोगका पूर्व सर्तहरू हुन्, जुन कुरा बहुदल कालका प्रजातान्त्रिक सरकारहरूले प्रतिवद्धता जाहेर गरेका विषय हुन् । तर दुर्भाग्यबश माघ १९ को राजनैतिक घटनाको कारण उपरोक्त दातृराष्ट्रहरूले वर्षेनी गर्दै आएको १९.३ मिलियन अमेरिकी डलर बरावरको सहयोगमध्ये ४७% ह्वात्तै रोकियो र कतिपयले आउनु पर्ने नयाँ आयोजनाहरूको म्याद थपेनन् । परिणाम स्वरुप आ.व. ०६१/०६२ मा वन विकासको लागि बैदेशिक सहयोग केबल १०.२ मिलियन अमेरिकी डलरमा खुम्चिएको छ । देशको राजनैतिक अवस्था यस्तै कहालीलाग्दो रहि रहेमा आगामी वर्षमा आउनु पर्ने बैदेशिक सहयोगको राशि अझै न्यून हुने कुरा निश्चित छ । उदाहरणका लागि वन विकासका लागि सहयोग गर्दै आएका महत्वपूर्ण दातृराष्ट्र डेनमार्क, युरोपेली सङ्घ, यु.एन.डि.पी., जर्मनी र जापानले वन क्षेत्रको सहयोगलाई निरन्तरता नदिने कुरा गत वर्ष नै जनाउ दिए भने अष्ट्रेलिया र संयुक्त राज्य अमेरिकाले आगामी वर्षदेखि आफ्नो सहयोगको निरन्तरतामा प्रश्न चिन्ह लगाएका छन् । स्मरणीय कुरा के छ भने संयुक्त अधिराज्य र नेदरल्याण्डस्को सरकार मार्फत आउने सहयोगमा यस वर्षदेखि व्यापक कटौती भएको छ ।

हुन त बैदेशिक सहयोगको प्रभावकारिताको बारेमा प्रश्नहरू नउठेका होइनन् । विगत १०-१२ वर्षको अविधमा वन प्राविधिक, प्रशासक, कर्मचारी र अधिकारीहरूको भूमिका परिवर्तन मुताविक क्षमता अभिबृद्धि र सोचाइमा परिवर्तन गर्नु पर्ने भएकाले बैदेशिक सहयोगको ठूलो हिस्सा उच्च शिक्षा, तालिम, अध्ययन भ्रमणहरूमा खर्च गरियो । बेलाबखतमा स्थानीय नेता र समुदायका नेतृत्ववर्गहरूको क्षमता बृद्धिका लागि पनि विकास बजेट खर्च भयो । बेलाबेलामा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, सेमिनार, सन्धी सम्झौतामा भाग लिन जादा चाहिने खर्च पनि बैदेशिक सहयोगबाटै जुटाइयो र समन्वय मिटिङ्गहरूमा सिटिङ्ग गरेर इटिङ्ग गर्दा पनि विकास खर्च उपयोग गर्ने अवस्था रह्यो । त्यसबेलाको बैदेशिक सहयोगको मुख्य विषय नै क्षमता विकास भएकाले धेरैजसो खर्च सरकारी, गैरसरकारी र समूहहरूको सङ्गठन तहको क्षमता विकास मै खर्च भएकाले विपन्न जनताले अपेक्षा गरेअनुसार बैदेशिक सहयोग गाउँ-गाउँ र झुपडीमा पुग्न सकेन । त्यसैले बैदेशिक सहयोगको ठूलो हिस्सा पुग्नु पर्ने गरी गाउँका गरिबका झुपडीमा नपुगेको कुरा सबैले महसुस गर्न थालेका छन् । अबका दिनमा भने खासगरी सामुदायिक वन विकास फाँटमा लागेका निकायहरूले गरिब र विपन्नमुखी भएर बजेट बिनियोजन गर्न थालेका प्रसस्त उदाहरणहरू पाउन थालिएको छ जुन कुरा गाँउघरमा गएर वन उपभोक्ता समूहमा आबद्ध महिला दलित र गरिब वर्गलाई सोधेर मात्र थाहा पाउन सकिन्छ ।

## चुनौति

वनलाई अर्थ राजनीतिको चस्माबाट हेर्दा यसका चुनौतिलाई तीन तहमा हेर्नु पर्ने हुन्छ । पहिलो, नेपालका शक्तिशाली राजनैतिक शक्ति केन्द्रले वन क्षेत्रलाई र खासगरी सामुदायिक वनको विकासलाई कति नियन्त्रित वा स्वायत्त रुपले काम गर्न दिने हुन भन्ने हो । दोश्रो, शक्तिशाली दातृ राष्ट्रहरूले अन्तर्राष्ट्रिय स्तरमा नेपालले प्रतिवद्धता जाहेर गरेका सन्धि सम्झौताको पालना सरकारले कसरी गरिरहेको छ र त्यसबापत पाउने बैदेशिक सहयोगको हकको कुरा हो । तेश्रो, सामुदायिक वन समूह स्वयम् कति गरिबमुखी भै आफ्नो शासकीय पद्धतिलाई अझै प्रजातान्त्रिक बनाएर अहिले अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय एजेण्डाको रुपमा रहेको गरिबी न्यूनीकरणका लागि समूहले के कसरी योगदान दिन सक्छन् भन्ने अहिलेका सामुदायिक वन क्षेत्रका जल्दाबल्दा चुनौतिका विषयहरू हुन् ।

पहिलो चुनौति राजनैतिक स्वरुपको भएकाले जटिल खालको छ जुन दोश्रो चुनौतिसँग प्रत्यक्ष रुपले गाँसिन्छ । पूँजीवादमा विश्वास गर्ने पश्चिमेली दाताहरूले सामन्तवाद भित्रैबाट “प्रजातन्त्र” हुर्काउने हालको नेपालका सहर केन्द्रीत बन्दुके शासक तथा साम्यवाद ल्याउन ज्यानै दिएर अगाडि बढेका गाउँका माओवादीहरूले गर्ने शासनमा अब दाताहरूबाट बाह्य सहयोग हुने सम्भावना कमै छ । आन्तरिक स्रोत जुटाएर सामुदायिक वन विकास गर्न सम्भव त छ तर अहिलेको द्वन्द्वको अवस्थामा वनको व्यवस्थापन गरी आर्थिक स्रोत जुटाउन वन भित्र काम गर्न उद्योगधन्दा खोल्दा र व्यवसाय सञ्चालन गर्न एकदमै अप्ठेरो छ । यो किन पनि सम्भव छैन भने द्वन्दमा हुने सशस्त्र लडाइको मैदान र लुक्ने ठाउँ जङ्गल नै हुने गरेको छ । २५ वर्ष लगाएर वन प्राविधिक, कर्मचारी र प्रजातन्त्रवादी नेताहरूलाई सा.व.ले ल्याएको परिवर्तन देखाउन सकिएको थियो । तर अब नयाँ दुई थरिका शक्तिहरू, खासगरी माओबादी र अहिलेको सरकारले सा.व. विकासको अवधारणा र गाँउमा नागरिक समाजको रुपमा रहेका समूहको स्वायत्तताको अपरिहार्यताबारे बुझाउन धेरै समय र अन्तरकृयाको जरुरत पर्ने भएको छ । खासगरी स्थानीय समूहहरूले नागरिक समाजको हैसियतले नितान्त स्वतन्त्र निकायको रुपमा काम गर्न पाउनु पर्छ भन्ने कुरा सरकार र माओवादी शक्तिलाई बुझाउनु पर्ने सबैभन्दा कठिन चुनौति टडकारो रुपमा देखापरेको छ । तेस्रो चुनौतिको सामना गर्न समूहहरू गरिबमुखी भएर विपन्नको पक्षमा कम्मर कसेर लागि पर्न थालिसकेका उदाहरणहरू यस लेखबाटै प्रष्ट हुन्छ तर यो गर्नका लागि सरकार, विद्रोही पक्ष र प्रजातान्त्रिक पार्टीहरूले ध्यान दिनु पर्दछ । समूहले स्वायत्त भएर काम गर्न पाएनन् भने वन विनाशको क्रम पुनः बढेर जाने छ ।

**निष्कर्ष**

अधिकारको विकेन्द्रीकरण समूह स्तरसम्म नहुँदा र वनको ठूलो क्षेत्रफल अझै पनि सरकारी नियन्त्रणमै रहेकाले वनबाट लिन सकिने फाइदाको केवल ५% मात्र लिन सकिएको अवस्था छ । परिणामस्वरुप ठूलो सम्पत्ति खेर गइरहको अवस्था छ । देशमा उत्तरदायी सरकार नहुँदा पञ्चायत कालमा बेहिसाब रुपले वन क्षेत्र सखाप पारियो । त्यसबाट पाठ सिकेर बहुदल कालमा सामदुयिक वनको सफलताले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै प्रशंसा पायो । बैदेशिक सहयोगको उभार नै आयो । जनसमुदायहरू जुटे । वन प्रशासन पहिलेभन्दा प्रजातान्त्रिक र जनमुखी बन्नु पऱ्यो । वनबाट आएको फाइदा गाउँ बस्ती र दिनदुःखीको झुपडीसम्म पुग्न थाल्यो तर द्वन्दले गर्दा नयाँ खालका चुनौति देखापरेका छन् । समूहको स्वायत्त नागरिक समाजको हैसियतमा कसरी जोगाउने भन्ने अहिलेको सबैभन्दा ठूलो चुनौति भएको छ ।

यस लेखमा माथि विश्लेषण गरिएका तितामीठा तथ्य र आँकडाबाट प्राप्त वन समुदायबाट भएका प्रयास र हालसम्मको गाउँलेले गरेको लगानीको प्रतिशतलाई हेर्दा सा.व.मा समावेशी प्रजातन्त्रको अभ्यास र यसको दिगोपनामा प्रश्न उठाउने ठाउँ देखिदैन । यति हुँदाहुँदै पनि सामुदायिक वनलाई गिद्धे दृष्टिले हेरेर सामुदायिक वन टाठाबाठाको वन भयो भनी आरोप लगाउने सहरिया टाठाबाठाहरूले समूहको स्वायत्ततामा धावा बोल्ने प्रयास गर्ने गरेको पाइएको छ । सिँहदरवारले प्रयोग गर्दै आएको अधिकार गाउँमा पुऱ्याउने सामुदायिक वन भित्र सुधार गर्नु पर्ने प्रसस्त ठाउँ त्यही भित्रबाट स्थानीय जनताको सक्रिय सहभागितामा हुन सक्छ भन्ने कुरो बुझाउन सकिएन, बुझिएन वा बुझेर पनि बुझ पचाइयो भने बहुदलबादी नेताहरूले शासन सञ्चालन गर्न सकेनन् भनी आरोप लगाई शासन सत्ता आफ्नो हातमा राजाले लिए झै सा.व.को शासन पनि वन कर्मचारी वा विद्रोहीको हातमा नपुग्ला भन्न सकिन्न । अहिलेको द्वन्दको चपेटामा पिल्सिएका ग्रामीण समुदायले सा.व.लाई बचाएर राखेका छन्, तर सरकारी र विद्रोही पक्षले सामुदायिक वनको आम्दानीमा आँखा गाड्ने प्रयास गरेको पाइन्छ । तसर्थ समुदायको हितको रक्षा गर्न सबै वर्गका जनताले खासगरी नागरिक समाजले चासो दिई वन समूहहरू, जो गाउँका खाँटी नागरिक समाजका प्रतिनिधि हुन्, तिनीहरूको स्वायत्तताको रक्षाका लागि हरतरहले सहयोग गर्नु पर्ने बेला आएको छ ।

**(लेखक नेपाल स्वीस सामुदायिक वन परियोजनासगा आवद्धहुनु हुन्छ ।)**